# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

## इटहरी उपमहानगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३।०२।२२ गते

इटहरी उपमहानगरपालिकाद्वारा आ.व. २०८३।८४ का लागि आर्थिक ऐन २०८२ को दफा २०, इटहरी उपमहानगरपालिकाको आन्तरिक आय ठेक्का व्यवस्थापन कार्यविधि २०८२, प्रचलित कानुन तथा इटहरी उपमहानगरपालिकाको राजस्व परामर्श समितिको निर्णयानुसार आन्तरिक आय ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले तपसिलका शर्त बन्देजको अधीनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र खरिद तथा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम् ठेक्का अङ्क रु. (मु.अ.क. सहित) | धरौटी | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ITR/NCB/2R/2082/83 (राजस्व) | जडिबुटी कबाडी र जीबनज्तु कर सङ्कलन ठेक्का इटहरी उपमहानगरपालिका क्षेत्र | एक वर्ष | ८५,४०,४८३.५०। | कबोल अङ्कको ५% | रु.३०००। |
| २. | ITR/NCB/3R/2082/83 (राजस्व) | साप्ताहिक शनिबारे हाटकर वडा नं. ११, १२ खनार | एक वर्ष | २८,८१,१११। | कबोल अङ्कको ५% | रु.३०००। |
| ३. | ITR/NCB/4R/2082/83 (राजस्व) | सासाहिक आइतबारे बुधबारे हाट तथा बिहान लाग्ने दैनिक गुद्री हाट समेत वडा नं. ९ | एक वर्ष | २९,७१,९००। | कबोल अङ्कको ५% | रु.३०००। |

शर्तहरु:

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता/नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.ब. २०८१।०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड इटहरीको राजस्व शीर्षक नं. १४२२९, खाता नं ०५९०३०००००१००१००००००१ मा नगद जम्मा गरेको भौचर पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लिखित बैङ्क खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।

नि. प्रमुख प्रशासकिय अधिकृत

- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ। आफूले कबोल गरेको अङ्कको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैङ्क लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३०००००३००००००००१ मा जम्मा गरी सो को बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम समय सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मा जारी भए वमोजिम हुनेछ ।
- बोलपत्र सम्बन्धी अन्य जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही फारामबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिइनेछ । एकमुष्ठ नबुझाएको अवस्थामा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई बढीमा ४ किस्तामा विभाजन गरी पहिलो किस्ता बापतको रकम सम्झौता भएको बखतमा र बाँकी किस्ता रकम दामासाहीले दाखिला गर्नु पर्नेछ । पहिलो किस्ता बाहेक बाँकी रकमको हकमा २०८४ असार मसान्तसम्म म्याद कायम रहेको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कबाट जारी गरिएको बैङ्क ग्यारेण्टी पेश गर्नु पर्नेछ ।
- स्वीकृत भएको फर्मले तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गर्न सकिनेछ । यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध समेत हुन सक्नेछ ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लिखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
- ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
- हटियाको ठेक्का सञ्चालन गर्ने ठेकेदारले हटिया लाग्ने क्षेत्रमा हटिया लाग्ने दिनको एक दिन अगाडि र पछाडि ठेकेदार आफैंले सो क्षेत्र सरसफाई गर्नु पर्नेछ ।
- यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
- विस्त्रित जानकारीका लागि कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

२०८३/०८/२९

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत